REGIONAL NEWS UNIT

आकाशवाणी

BROADCAST: 18:40 hrs Date: 23.10.2025

Sardar@150 Unity March'

सिक्किम सरकारका शिक्षा, खेलकुद तथा युवा मामिला, कानुन तथा संसदीय मामिला मन्त्री राजु बस्नेतले १६ अक्टोबरमा गान्तोकको टाशिलिङ सचिवालयमा राष्ट्रव्यापी **'सरदार@१५० युनिटी मार्च'** को औपचारिक सुरुवात गर्नुभयो। यो ऐतिहासिक राष्ट्रव्यापी अभियान भारतका लौहपुरुष सरदार वल्लभभाई पटेलको १५० औँ जन्मजयन्तीप्रति समर्पित छ, जसले स्वतन्त्रतापछि टुक्रिएको भारतलाई एकताबद्ध गर्न प्रयास गर्नुभएको थियो। यस एकता मार्चले **'एक भारत'** र **'आत्मनिर्भर भारत'** को उहाँको आदर्शलाई जीवित राख्दछ। खेलकुद तथा युवा मामिला विभागले अक्टोबर ३१ मा **रन फर युनिटी** मनाउने र **साइक्लथोन** सहित धेरै खेलकुद गतिविधिहरू आयोजना गर्ने तय गरेको छ। मुख्यमन्त्री प्रेम सिंह तामाङ यस कार्यक्रममा उपस्थित हुनुहुनेछ। **सरदार@१५० औँ** वार्षिकोत्सवको सन्दर्भमा खेलकुद तथा युवा मामिला विभागका अतिरिक्त निर्देशक डा. राम बहादुर विश्वकर्माले आकाशवाणी गान्तोकलाई बताउनुभयो.....

## Bhai Tika

आज तिहारको अन्तिम दिन भाइरटीका हो। सिक्किम र दार्जीलिङ क्षेत्रमा आज हिन्दु धर्मावालम्बीहरूले भाइटीका हर्षोल्लासपूर्वक मनाए। दिदी-बहिनीहरूले दाजुभाइलाई निधारमा पञ्चरङ्गी टीका लगाई, फूलमाला पहिराएर उनीहरूको कल्याण, दीर्घायु र सुखसमृद्धिको कामना गर्दछन्। दाजुभाइले पनि दिदीबहिनीलाई प्रेम र आशीर्वादका रूपमा दक्षीणा दिन्छन्। तिहार चाडको धार्मिक र सामाजिक महत्त्व छ। पौराणिक कथाअनुसार मृत्युका देवता यमराज आजकै दिन आफ्नी बहिनी यमुनालाई भेट्न जाँदा बहिनी यमुनाले उनको धेरै सत्कार गरेकीले प्रसन्न भएर यमराजले आशिर्वाद दिँदै, आजको दिन दिदीबहिनीका साथमै रहेर भोजन ग्रहण गर्ने दाजुभाइले नरकको दुःख भोग्नुपर्ने छैन भनी वचन दिएका थिए। त्यहीँदेखि भाइटीकाको परम्परा सुरु भएको मानिन्छ। मुख्यमन्त्री प्रेमसिंह तामाङले पनि आज भाइटीका लगाउनुभयो अनि दाजुभाइ र दिदीबहिनीबीचको पवित्र सम्बन्धलाई झल्काउने भाइटीकाको पवित्र पर्व मनाउन पाउँदा आफूलाई खुसी लागेको बताउनुभयो।

## Man Ki Baat: NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको 26 तारिख आकाशवाणीको "मन की बात" कार्यक्रममा देश-विदेशका मानिसहरूसँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 127 औँ श्रृङ्खला हो। सबैले आफ्ना सुझावहरू टोल-फ्री नम्बर 1800-11-7800 मा साझा गर्न सक्छन्। सुझावहरू नरेन्द्र मोदी एप र MyGov खुला मञ्च मार्फत अनलाइन पनि पेश गर्न सकिन्छ। सुझावहरू यस महिनाको २४ तारिखसम्म स्वीकार गरिनेछ।

## BANKING LAWS ACT

ब्याङकिङ कानुन संशोधन ऐन अन्तर्गत मनोनयन सम्बन्धी प्रमुख प्रावधानहरू अर्को महिनाको १ तारिखबाट लागू हुनेछन्। अर्थ मन्त्रालयको विज्ञप्तिअनुसार, यी प्रावधानहरूले निक्षेपकर्ताहरूका लागि आफ्नो रुचिअनुसार मनोनयन गर्न पाउने लचिलोपन प्रदान गर्नेछ, जसले ग्राहकहरूलाई चार जनासम्म मनोनयन गर्न अनुमति दिनेछ अनि निक्षेपकर्ताहरू र उनीहरूका मनोनित व्यक्तिहरूका लागि दाबी भुक्तानीलाई सरल बनाउनेछ। यस ऐनको उद्देश्य ब्याङकिङ क्षेत्रका सञ्चालन मापदण्डहरूलाई सुदृढ पार्नु, ब्याङ्कहरूले भारतीय रिजर्भ ब्याङ्कलाई दिने रिपोर्टिङमा एकरूपता सुनिश्चित गर्नु, निक्षेपकर्ता बढाउनु र सार्वजनिक क्षेत्रका ब्याङ्कहरूको लेखापरीक्षणमा गुणस्तर बढाउनु हो।

## Suspected Blast

आज बिहान लगभग १ बजे, UP AZARA Sugar मालगाडी सलाकाटी र कोक्राझारबीच गुडिरहेको बेला, रेल प्रबन्धकले रेलगाडीमा ठूलो झट्का लागेको जानकारी दिए र त्यसपछि रेल रोकिएको थियो। जाँच गर्दा, शङ्कास्पद बम विस्फोटका कारण ट्र्याक र स्लीपरहरूमा क्षति पुगेको पाइयो। राज्य पुलिस, RPF र गुप्तचर अधिकारीहरूले यस मामिलामा अनुसन्धान गरिरहेका छन्। बिहान 5.25 बजे ट्र्याक पुनर्स्थापित गरियो र सामान्य रेल सञ्चालन पुनः सुरु भयो। घटनाका कारण लगभग 8 वटा रेलहरू रोकिएका थिए। घटना भएको खण्डमा गस्ती तीव्र पारिएको छ।

Weather: MO

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टाभित्र गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 23.6 डिग्री सेल्सियस र न्यूनतम तापमन 14.5 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 25 डिग्री सेल्सियस र न्यूनतम तापमान 18 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।

------------